रामेछाप नगरपालिकाद्धारा आ.ब २०७६/०७७ को पहिलो चौमासिक अवधिमा प्रवाह भएको सार्वजनिक सेवा एवं बजेट तथा कार्यक्रम कार्यान्वयनको प्रभावकारीता विषयक

# सार्वजनिक सुनुवाइ

## संक्षिप्त प्रतिवेदन



**आयोजक**

रामेछाप नगर कार्यपालिकाको कार्यालय रामेछापबजार, रामेछाप

**सहजीकरण**

सान नेपाल रामेछाप

**पौष २०७६**

रामेछाप नगरपालिकाद्धारा आ.ब २०७६/०७७ को पहिलो चौमासिक अवधिमा प्रवाह भएको सार्वजनिक सेवा एवं बजेट तथा कार्यक्रम कार्यान्वयनको प्रभावकारीता विषयक

**संक्षिप्त प्रतिवेदन-२०७६**

**साँघुटार, रामेछाप**

**१.कार्यक्रमको परिचय**

सार्वजनिक निकायले दिने सेवाको बारेमा नागरिकबाट मूल्याङ्कन गराउने तथा सेवा प्रवाहमा थप सुधार ल्याउनको लागि सार्वजनिक सुनुवाइ कार्यक्रम संचालन गरिन्छ । नागरिकलाई सार्वजनिक निकायले गरेका गतिविधिहरुको बारेमा सूचना माग्ने, पाउने र अवलोकन गर्ने अधिकार सूचनाको हक सम्वन्धि ऐन-२०६४ र नियमावली-२०६५ ले गरेको छ । सुशासन (संचालन तथा ब्यवस्थापक) सम्बन्धि ऐन-२०६४ तथा नियमावली-२०६५ ले पनि हरेक सार्वजनिक निकायले आफूले संचालन गरेका हरेक गतिविधिहरुको बारेमा नागरिकहरुलाई सू-सूचित गराउन सार्वजनिक सुनुवाइ गर्नुपर्ने बाध्यकारी ब्यवस्था गरेको छ ।

स्थानीय सरकार संचालन ऐन-२०७४ मा पनि सार्वजनिक सुनुवाई तथा सार्वजनिक परीक्षण गर्ने ब्यवस्था रहेको छ भने नेपाल सरकारले स्थानीय निकाय सार्वजनिक सुनुवाई सम्बन्धि कार्यविधि-२०६७ तयार गरी कार्यान्वयन गरिरहेको छ । आफूले प्रवाह गरेको सेवा तथा विकास निर्माणको कार्यहरु सार्वजनिक गर्दै सुधारात्मक पक्षहरुको विषयमा छलफल गर्ने, सेवाग्राही प्रति सेवाप्रदायकलाई जवाफदेहि बनाउने र सेवाग्राहीहरुको गुनासो तथा जिज्ञासाहरुको बारेमा हाकाहाकी प्रश्नोत्तर गराउने उद्देश्यले सार्वजनिक सुनुवाइ संचालन गरिएको थियो । रामेछाप नगरपालिका वडा नं ३ साँघुटारको वडा कार्यालय परिसरमा २०७६ पौष ११ गते शुक्रवारका दिन सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गरिएको थियो ।

**२. कार्यक्रमको उद्देश्य**

- रामेछाप नगरपालिकाको काम कारवाही, सेवा प्रवाह, योजना एवं कार्यक्रम, बजेट जस्ता सार्वजनिक विषयमा सम्बन्धित सेवा प्रदायक र सेवाग्राहीबीच अन्तरक्रिया गराउने ।
- बहिर्गमन अभिमत तथा नागरिक अभिमत संकलन पश्चात् आएको नतिजा सार्वजनिक गर्दै सुधारात्मक पक्षहरुको विषयमा छलफल गराउने ।
- सेवाग्राही प्रति सेवाप्रदायकलाई जवाफदेही बनाउने र सेवाग्राहीहरुको गुनासो वा जिज्ञासाहरुको बारेमा हाकाहाकी प्रश्नोत्तर गराउने ।
- सुशासन ऐन तथा नियमावलीमा ब्यवस्था भए बमोजिम सूचनाको हकको प्रत्याभूति गराउने ।
- स्थानीय तहका जननिर्वाचित प्रतिनिधि तथा कर्मचारीहरुलाई नागरिकहरु प्रति जवाफदेहि बनाउने ।
- सार्वजनिक सेवा तथा विकास निर्माणका कार्यहरुमा नागरिकहरुको सहभागीता बृद्धि गर्ने ।

**३. कार्यक्रमको संक्षिप्त जानकारी**

**सार्वजनिक सुनवाई संयोजन गर्नेब्यक्तिको**

नाम : **उमङ्ग मैनाली**

ठेगाना : **अध्यक्ष, सान नेपाल रामेछाप**

कार्यक्रम आयोजक : **रामेछाप नगरपालिकाको कार्यालय रामेछापबजार, रामेछाप**

सार्वजनिक सुनुवाईको विषय : **रामेछाप नगरपालिकाद्धारा चालु आ.ब २०७६/०७७ को पहिलो चौमासिक अवधिमा प्रवाह भएको सार्वजनिक सेवा एवं बजेट तथा कार्यक्रम कार्यान्वयनको प्रभावकारीता**

सहजीकरण तथा समन्वय : **सामाजिक जवाफदेहिता नेटवर्क (सान नेपाल) रामेछाप**

**कार्यक्रम विवरण**

- ❖ मिति : ११ पौष २०७६ शुक्रवार
- ❖ स्थान : रामेछाप नगरपालिका वडा नं ३ साँघुटारको वडा कार्यालय परिसर
- ❖ समय : दिनको १ :०० वजेदेखि ५ :०० बजेसम्म

**४. जवाफदेही वक्ताहरु**

- ❖ रामेछाप नगरपालिकाका प्रमुख **श्री नरबहादुर थापामगर**
- ❖ रामेछाप नगरपालिकाका उपप्रमुख **श्री सिर्जना खड्का**
- ❖ रामेछाप नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत **श्री दिपेन्द्र पौडेल**
- ❖ रामेछाप नगरपालिकाका वडा नं १ का अध्यक्ष **श्री नरबहादुर थापा**
- ❖ रामेछाप नगरपालिकाका वडा नं २ का अध्यक्ष **श्री नीरबहादुर श्रेष्ठ**
- ❖ रामेछाप नगरपालिकाका वडा नं ३ का अध्यक्ष **श्री भूपालराज श्रेष्ठ**
- ❖ रामेछाप नगरपालिकाका वडा नं ४ का अध्यक्ष **श्री टुपेन्द्र तामाङ**
- ❖ रामेछाप नगरपालिकाका वडा नं ५ का अध्यक्ष **श्री भीमबहादुर तामाङ**
- ❖ रामेछाप नगरपालिकाका वडा नं ६ का अध्यक्ष **श्री धनबहादुर खड्का**
- ❖ रामेछाप नगरपालिकाका वडा नं ७ का अध्यक्ष **श्री समिर कार्की**
- ❖ रामेछाप नगरपालिकाका वडा नं ८ का अध्यक्ष **श्री केदार कार्की**
- ❖ रामेछाप नगरपालिकाका वडा नं ९ का अध्यक्ष **श्री चन्द्रबहादुर श्रेष्ठ**

**५. सार्वजनिक सुनुवाईको उपस्थित विवरण**

| दलित | | जनजाति | | ब्राम्हण, क्षेत्री, नेवार | | कूल | | |
|---|---|---|---|---|---|---|---|---|
| महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | जम्मा |
| ०८ | १५ | २२ | ५५ | २० | ४९ | ५० | ११९ | १६९ |

**(सहभागीहरुको विस्तृत विवरण अनुसूचीमा राखिएको छ ।)**

**६. संचालन प्रक्रिया**

***प्रारम्भिक चरण***

**(क) समन्वयात्मक बैठक**

रामेछाप नगरपालिकाद्धारा चालु आ.ब २०७६/०७७ को पहिलो चौमासिक अवधिमा प्रवाह भएको सार्वजनिक सेवा एवं बजेट तथा कार्यक्रम कार्यान्वयनको प्रभावकारीता विषयक सार्वजनिक सुनुवाईको लागि रामेछाप नगरपालिकाका मेयर श्री नरबहादुर थापामगर, उपप्रमुख श्री सिर्जना खड्का, प्रमुख प्रशासकीय अधिकृत श्री दिपेन्द्र पौडेल, सामाजिक विकास अधिकृत श्री नारायण प्रसाद सुवेदीसँग सान नेपालका अध्यक्ष श्री उमङ्ग मैनाली र कोषाध्यक्ष श्री सुमन बोहराले रामेछाप नगरपालिकाको कार्यालयमा भेटघाट गरी समन्वयात्मक छलफल पश्चात् सार्वजनिक सुनुवाई गर्ने सहमती भएको थियो । २०७६ मंसिर २८ गते रामेछाप नगरपालिकाको साँघुटार बजारमा गर्ने भनिएतापनि बर्षाद्का कारण पून २०७६ पौष ११ गते सोही स्थानमा सार्वजनिक सुनुवाई संचालन गर्ने मिति तय भए पश्चात् सान नेपाल लगाएतका संस्थाले प्रस्ताव पत्र बुझाएको थियो । सोही सहमतिको आधारमा सार्वजनिक सुनवाई संचालनको लागि आवश्यक तयारी लगाएत व्यवस्थापकीय कार्यहरु सान नेपाल रामेछापले गरिएको थियो ।

### (ख) सहजकर्ताको छनौट तथा समन्वय

रामेछाप नगरपालिकाद्धारा चालु आ.ब २०७६/०७७ को पहिलो चौमासिक अवधिमा  प्रवाह भएको सार्वजनिक सेवा एवं बजेट तथा कार्यक्रम कार्यान्वयनको प्रभावकारीता विषयक नगर स्तरीय सार्वजनिक सुनुवाईलाई सान नेपाल रामेछापसँग समन्वय गरी व्यवस्थापन तथा सहजीकरणको कार्य गरिएको थियो । कार्यक्रमको सहजीकरण तथा व्यवस्थापनको सम्पूर्ण जिम्मेवारी पाए पश्चात् सार्वजनिक सुनुवाईको सहजीकरण सान नेपाल रामेछापका अध्यक्ष श्री उमङ्ग मैनालीले गर्नुभएको थियो । नगरपालिकाका मेयर, उपमेयर, प्रमुख प्रशासकीय अधिकृत तथा वडा अध्यक्षहरुसँग नियमित रुपमा सम्पर्क तथा समन्वय गरिएको थियो । त्यसका साथै जिल्ला समन्वय समितिका प्रमुख, राष्ट्रिय तथा स्थानीय संचारमाध्यमहरुसँग नियमित सम्पर्क तथा समन्वय गरिएको थियो ।

### (ग) ऐन, नियम, निर्देशिका तथा कार्यविधिको अध्ययन

स्थानीय तहले जनतालाई प्रवाह गर्ने बस्तु तथा सेवा सुविधाहरु के के र कस्ता खालका छन् ? ती कसरी उपलव्ध गराउने गरिएको छ ? सेवा प्रवाह गर्न लागि कस्ता कस्ता खालका ऐन, नियम तथा कार्यविधिहरु लागू भएका छन् । यिनीहरुको आधारमा रहेर के कस्ता वस्तु तथा सेवा सुविधा प्रवाह गर्नु पर्ने अवस्था छ भन्ने कुराको गहन अध्ययन, स्थानीय सरकारी कार्यालयले कस्तो सेवा सुविधा तथा वस्तु जनतालाई उपलव्ध गराएका छन् सो को तुलना गरि छलफल गर्नका लागि स्थानीय स्वायत्त शासन ऐन २०५५, स्थानीय स्वायत्त शासन नियमावली, २०५६, सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४ सुशासन नियमावली,२०६५ स्थानीय निकाय सार्वजनिक सुनुवाई सम्बन्धि कार्यविधि, २०६७, सुचनाको हक सम्बन्धि ऐन २०६४ र नियमावली २०६५ तथा स्थानीय सरकार संचालन ऐन- २०७४ जस्ता विभिन्न ऐन नियम, निर्देशिका र कार्यविधिहरुको विस्तृत अध्ययन आयोजक तथा समन्वय गर्ने संस्थाका प्रतिनिधि र सहजकर्ताद्धारा गरिएको थियो ।




### (घ) नागरिक अभिमत

रामेछाप नगरपालिकाको आयोजना तथा सान नेपाल रामेछापको सहजीकरणमा सम्पन्न रामेछाप नगरपालिकाद्धारा चालु आ.ब २०७६/०७७ को पहिलो चौमासिक अवधिमा  प्रवाह भएको सार्वजनिक सेवा एवं बजेट तथा कार्यक्रम कार्यान्वयनको प्रभावकारीता विषयक सार्वजनिक सुनुवाईमा गाउँपालिका, वडा तथा विकास साझेदार संस्थाहरुले प्रवाह गरेको सेवा तथा विकास निर्माणमा नागरिकको सन्तुष्टीको अवस्था मापन गर्न नागरिक अभिमत संकलन फाराम विभिन्न ५ बुँदाहरुमा तयार गरिएको थियो । सार्वजनिक सुनुवाईमा

उपस्थिति ५० जना सेवाग्राहीहरुबाट उक्त प्रश्नावली भराइएको थियो । जसमा सेवा प्रवाहको अवस्था, भौतिक संरचनाको गुणस्तर, लक्षित समुदायको सार्वजनिक सेवा, वस्तु तथा निर्णय प्रक्रियमा पहुँच, योजना छनौटमा नागरिकहरुको सहभागीता लगाएतका विषयहरु राखिएको थियो । सार्वजनिक सुनुवाई कार्यक्रमको सुरुवात्मा स्थानीय सेवाग्राहीहरुले भर्नु भएको सो नागरिक अभिमतमा सार्वजनिक सेवा प्रवाहमा समग्रतया राम्रो अभिमत प्राप्त भएको भएतापनि विकासका संरचनाहरुको गुणस्तरमा भने ठीकै सन्तुष्टिको अभिमत प्राप्त भएको थियो । नागरिकहरुले ब्यक्त गरेका अभिमत संख्या तथा अंक शीर्षकगत रुपमा **अनुसूची-२** मा राखिएको छ ।

त्यसैगरि स्थानीय निकाय सार्वजनिक सुनुवाई कार्यविधि २०६७ ले गरेको ब्यवस्था अनुसार सार्वजनिक सुनुवाई संचालन गर्नुपूर्व रामेछाप नगरपालिकाबाट प्रत्यक्ष सेवा लिएका ५० जना सेवाग्राहीबाट बहिर्गमन अभिमत संकलन गरिएको थियो । २०७६ मंसिर २४ देखि २८ गतेसम्म रामेछाप नगरपालिकाको कार्यालय बाहिर बसेर सान नेपाल रामेछापका श्री भरतकुमार शाहीले १४ जना महिला र ३६ जना पुरुष सेवाग्राही सँग प्रश्नावली भराउनु भएको थियो । प्रश्नावलीमा सार्वजनिक सेवा तथा वस्तुको गुणस्तरसँग सम्बन्धित ६ वटा प्रश्नावली तथा नगरपालिकाका राम्रा र सुधार गर्नुपर्ने पक्षहरु पनि समेटिएको थियो । प्रश्नावली भरिसेकेपछि सान नेपाल रामेछापका अध्यक्ष श्री उमङ्ग मैनाली र सर्वेक्षणकर्ता श्री भरतकुमार शाहीले नतिजा तयार गर्नुभएको थियो । समग्रमा सबै प्रश्नहरुमा सन्तोषजनक नै उत्तर प्राप्त भएको थियो । उक्त नतिजा सार्वजनिक सुनुवाईको सुरुवात्मा नै प्रस्तुत गरी जवाफदेही वक्ताहरुबाट उत्तर लिइएको थियो । बहिर्गमन अभिमतको बिस्तृत नतिजा शीर्षकगत रुपमा **अनुसूची-३** मा राखिएको छ ।

### (ङ) सार्वजनिक सुनुवाईको प्रचार प्रसार

रामेछाप नगरपालिकाद्धारा चालु आ.ब २०७६/०७७ को पहिलो चौमासिक अवधिमा  प्रवाह भएको सार्वजनिक सेवा एवं बजेट तथा कार्यक्रम कार्यान्वयनको प्रभावकारीता विषयक सार्वजनिक सुनुवाइमा नागरिकहरुको सहभागीता अभिबृद्धिको लागि सूचनाको ठूलो महत्व हुने भएकाले जिल्लाको ५ वटै रेडियोहरु (हजुरको रेडियो, रेडियो तीनलाल, रेडियो तीफदी, रेडियो रामेछाप र रेडियो तामाकोसी) तथा गाउँपालिकाको वेइबसाइड तथा केही अनलाइन र स्थानीय पत्रपत्रिका मार्फत ७ (सात) दिन अगावै सार्वजनिक सुनुवाई संचालन हुने मिति, स्थान र समय खुल्ने गरी सूचना प्रकाशन/प्रशारण गरिएको थियो । सार्वजनिक सुनुवाईको सूचना तयार पारिएको फ्लाक्स सीट रामेछाप नगरपालिका कार्यालय, देउराली डाँडा र साँघुटार बजार टाँस गरिएको थियो । त्यसैगरि सबै वडाअध्यक्षहरुलाई फोन मार्फत तयारी गर्नुपर्ने विषयवस्तु लगाएत



आवश्यक तयारीको विषयमा जानकारी गराइएको थियो । वडा कार्यालयको सूचना पाटीमा सार्बजनिक सुचना टाँस गरिएको थियो । त्यस्तै वडा कार्यालयबाट टोल/बस्ती विकास समिति, उपभोक्ता समितिका पदाधिकारीहरु तथा विभिन्न बैठकहरु लगाएत स्थानीय राजनैतिक दलका प्रतिनिधिहरुको सहभागीता सुनिश्चितकाको लागि खबर गर्ने कार्य गरिएको थियो । त्यसैगरि त्यस क्षेत्रमा कार्यरत सरकारी तथा गैर सरकारी संस्थाहरुलाई प्रतिनिधि सहभागीताको लागि नगरपालिका मार्फत पत्राचार समेत गरिएको थियो ।

## कार्यान्वयन चरण

सामाजिक जवाफदेहिता नेटवर्क (सान नेपाल) रामेछापको समन्वय एवं सहजीकरण तथा रामेछाप नगरपालिकाको आयोजनामा संचालन गरिएको सार्वजनिक सुनुवाईमा सहभागीहरुको उपस्थिति सँगै सुरु गरिएको थियो । सार्वजनिक सुनुवाई कार्यक्रममा जवाफदेही वक्ताहरु र अतिथिहरुको परिचय गराउँदै आसन ग्रहण गराइएको थियो । त्यस्तै निमन्त्रणा स्वीकार गरेर उपस्थित कार्यपालिका सदस्यहरु, वडा समितिका सदस्यहरु, नगर स्तरीय राजनैतिक दलका प्रतिनिधिहरु, विषयगत शाखाका प्रमुखहरु, वडा सचिवहरु, विकास साझेदार संस्थाका प्रमुख/प्रतिनिधिहरु, पत्रकार लगाएत संचार संस्थाका प्रतिनिधिहरु, बुद्धिजीवी, समाजसेवी, लगायत कार्यक्रममा उपस्थित सबैलाई यथास्थानमा आशन ग्रहण गराइएको थियो । सान नेपाल रामेछापका अध्यक्ष श्री उमङ्ग मैनालीले सार्वजनिक सुनुवाईको बारेमा जानकारी गराउँदै आचार संहिता प्रस्तुत गर्नु भएको थियो । त्यसपछि सार्वजनिक सुनुवाई संचालन गर्नुको उद्देश्यको बारेमा रामेछाप नगरपालिकाका सूचना अधिकृत श्री सुकदेव नेपालले जानकारी गराउनु भएको थियो ।

रामेछाप नगरपालिकाले साँघुटार बजारमा आयोजना गरेकको सार्वजनिक सुनुवाईमा उपस्थिति रहेका ५० जना नागरिकहरुबाट अभिमत संकलन गरिएको थियो । त्यसपछि प्रमुख प्रशासकीय अधिकृत श्री दिपेन्द्र पौडेलले रामेछाप नगरपालिकाद्धारा चालु आ.ब २०७६/०७७ को पहिलो चौमासिक अवधिमा प्रवाह भएको सार्वजनिक सेवा एवं बजेट तथा कार्यक्रम कार्यान्वयनको अवस्थाका बारेमा जानकारी गराउनु भएको थियो । रामेछाप नगरपालिकामा संचालन गरिएको बहिर्गमन अभिमतको नतिजा प्रस्तुतीका साथै प्रमुख प्रशासकीय अधिकृतले समग्र नगरको प्रस्तुतीकरण गरेपश्चात् प्रश्न राख्नको लागि खुल्ला गरिएको थियो । सहभागीहरुले मेयर, उपमेयर, प्रमुख प्रशासकीय अधिकृतसँग सम्बन्धित विभिन्न प्रश्न, जिज्ञासा तथा गुनासाहरु राखेका थिए ।

सहभागीहरुले राखेको प्रश्न, जिज्ञासा तथा गुनासाहरुपछि सम्बन्धित वडा अध्यक्षहरु, प्रमुख प्रशासकीय अधिकृत, उपमेयर र मेयरले उत्तर दिनु भएको थियो । सहभागीहरुले सडक निर्माण, सार्वजनिक सेवाको गुणस्तर, सूचनाको प्रभावकारी पहुँच, नगरपालिकाका योजनाहरुमा नागरिकहरुको पहुँच लगाएतका विषयहरुमा प्रश्न राखेका थिए । प्रश्नोत्तर सकिएपछि नेपाली काँग्रेस रामेछापका नगर सभापति श्री कमलबहादुर कार्की र नेकपा नगर कमिटी अध्यक्ष श्री मोतीलाल तामाङले नगरपालिकाबाट भएका काम तथा सुधारात्मक विषयहरुमा मन्तब्य राख्नु भएको थियो । हाक्काहक्की प्रश्नोत्तर शैलीमा संचालन भएको सार्वजनिक सुनुवाईको अन्त्यमा ५० जना नागरिकहरुबाट भरिएको अभिमतको नतिजा सार्वजनिकीकरण गरिएको थियो । सबैलाई धन्यवाद दिँदै रामेछाप नगरपालिकाका मेयर श्री नरबहादुर थापामगरले सार्वजनिक सुनुवाई समापन गर्नु भएको थियो ।

**७) कार्यक्रममा भएका सवाल जवाफहरु**

सार्वजनिक सुनुवाइमा मुख्य रुपमा आएका प्रश्नहरु र तिनका उत्तरहरु निम्नाअनुसार रहेका छन् :

| क.स | प्रश्नकर्ताको नाम र ठेगाना | प्रश्नहरु | जवाफदेहि वक्ता | जवाफ |
|---|---|---|---|---|
| १ | राजकुमार श्रेष्ठ<br>रामेछाप नपा | रामेछाप नगरपालिकाका सबै वडाहरु समेटेर रिङ रोड बनाउने कुरा थियो । अहिले सम्म बनेन । के प्रक्रिया हुँदैछ ? | **नरबहादुर थापामगर**<br>नगर प्रमुख | बनाउने कुरा सुरु देखि नै भएको हो । यो प्राविधिक विषय पनि भएको हुँदा डीपीआर तयार भई सकेको छ । अब कार्यान्वयनको प्रक्रियामा जान्छ । |
| २ | यम बहादुर श्रेष्ठ<br>रामेछाप नपा | नगरपालिका भएको यत्तिको समय भयो । वडाले दिने जत्तिको पनि सेवा सुविधा दिन सकेको छैन । मन्थली नगरपालिका जत्तिको पनि भएन ? | **नरबहादुर थापामगर**<br>नगर प्रमुख | रामेछाप नगरपालिकाको भौगोलिक विकटता यहाँलाई पनि थाहा नै छ । मन्थली नगरपालिकामा केही सहजता भएतापनि हामीलाई विभिन्न खालका समस्याहरुको प्रभाव परेको छ । कर्मचारी पनि पर्याप्त छैनन् । अझै सेवा तथा सुविधालाई क्रमश ब्यवस्थित गराउँदै लैजाने छौं । |
| ३. | सुन्दर घिमिरे<br>रामेछाप नपा | ❖ रामेछाप नगरपालिकामा प्रविधिको प्रभावकारी प्रयोग भएन । नागरिकलाई सूचनाको प्रत्याभूति खै ? आजको कार्यक्रममा २ जना वडा अध्यक्षहरु कहाँ जानुभयो ?<br>❖ टोलटोलमा सडक पुर्याउने भनिएको थियो । धेरै स्थानहरुमा अहिले पनि सडक पुग्न सकेको छैन, कहिले पुर्याउने योजनामा हुनुहुन्छ ? | **नरबहादुर थापामगर**<br>नगर प्रमुख | ❖ नगरपालिकाले प्रविधिलाई भरपूर प्रयोग गर्नुपर्छ भनेर लागेको छ । गरिरहेको पनि देख्न सक्नु हुनेछ । अझै गर्नेछौं । सबैजना अध्यक्षहरुलाई खबर गरिएको थियो । कारणबस आउनु भएन । सार्वजनिक सुनुवाईको सुचनाको लागि जिल्लाका ५ वटै रेडियोहरुबाट प्रचारप्रशार गरिएको थियो ।<br>❖ हामीले गाउँगाउँमा सडक संजालको विस्तार गर्ने भनेका छौं । सुरुमा नगरपालिका र वडाको केन्द्रसम्म सहज रुपमा सडकको विस्तार गर्नेछौं । हामी सडकका योजना बनाउँदा विषेश ध्यान दिनेछौं । वडाले नभ्याएको स्थानमा नगर स्तरीय सडकका योजना बनाउनेछौं । |
| ४. | लालबहादुर तामाङ<br>रामेछाप नपा | ❖ कृषिको लागि आएको बजेट किन वडा वडामा वडा अध्यक्षहरुले दामासायीले बाँडेको । के | **नरबहादुर थापामगर**<br>नगर प्रमुख | ❖ वडाको योजना तर्जुमा गर्दा वडाबाट नै कृषिका योजनाहरु ल्याउन प्रेरित गर्न सबै वडाको लागि २ करोड पठाइएको थियो । |

| | | | | |
|---|---|---|---|---|
| | | बजेट बाँडफाँड आवश्यकताको आधारमा हुनुपर्ने होइन र ?<br><br>❖ सेलेघाट-साँघुटार सडक निर्माणको काम किन ढिला भएको हो ? उक्त सडक पीचको लागि नगरपालिकाले के गर्नेछ ? | | आवश्यकताको आधारमा नगरपालिकाले कृषिमा काम गर्छ । त्यसको लागि नगरपालिका आफैले आवश्यकताको आधारमा योजना बनाई ३ करोडको कार्यान्वयन गर्नेछ ।<br>❖ सेलेघाट-साँघुटार सडकको टेण्डर भएको थियो । ३ वटा निर्माण कम्पनीहरुबाट ठेक्काको लागि प्रक्रिया भएको थियो । खरिद प्रक्रियामा समस्या भएर उक्त कार्य रोकीएको छ । स्थानीय नागरिकहरुले जग्गाको मुआब्जा नलिने गरी सहमती भइसकेको छ । सबैजना आआफ्नो ठाउँबाट लागि परौं । नगरले विकल्प पनि सोचि सेकको छ । असारसम्म पनि सडकको काम अगाडि नबढेमा नगरपालिकाले निर्णय गरेर अगाडि बढ्नेछ । |
| ५. | नबराज ढकाल<br>रामेछाप नपा | रामेछाप नगरपालिकाको कार्यपालिकाभित्र समन्वय छैन भन्ने सुनिन्छ । यस्तो अवस्थामा नगरपालिका कसरी जवाफदेही हुन सक्छ ? | **नरबहादुर थापामगर**<br>नगर प्रमुख | सबै निर्णयहरु कार्यपालिकामा छलफल भए पश्चात् मात्र हुने गरेको छ । सर्बसम्मत रुपमा निर्णय गर्ने प्रक्रिया रामेछाप नगरपालिकामा रहेको छ । |
| ६. | निलकण्ठ ढकाल<br>रामेछाप नपा | साँघुटारको माछापकेट एरियाको लागि १० लाख भनिएको थियो । समिति पनि बन्यो तर भुक्तानीमा समस्या किन भयो ? | **सिर्जना खड्का**<br>नगर उपप्रमुख<br><br><br><br><br><br><br><br>**मदन सुवेदी**<br>लेखा अधिकृत | ❖ जेठको अन्तिम सातामा अनुगमनमा आउँदा काम भइरहेको थियो । विकासका कामहरु अन्तिम अवस्थामा आएर गर्ने परिपाटीका कारण पनि यस्तो समस्या आएको हो । यहाँहरु पनि समयमा नै काम गर्ने कुरामा सचेत हुन आवश्यक छ ।<br>❖ झुलाउने नियत थिएन । फाइल पेश गर्ने वित्तिकै भुक्तानी हुने भन्ने होइन । नपुगेको विषयमा उपभोक्ता समितिलाई भनिएको पनि थियो । चैत्रमा नै काम र अनुगमन गर्ने प्रक्रिया सुरु |

| | | | | |
|---|---|---|---|---|
| | | | | गरेमा सबैलाई सहजता हुनेछ । नियमानुसार नभएका कामको भुक्तानी हुँदैन । |
| ७. | शिव बैरागी<br>रामेछाप नपा | भूकम्पको राहतबाट बनेको विद्यालय १५ दिनमा नै भत्कन लाग्यो ? | **दिपेन्द्र पौडेल**<br>प्रमुख प्रशासकीय अधिकृत | म शिक्षा शाखासँग यस विषयमा कुरा गर्नेछु । कुन विद्यालयमा त्यस्तो समस्या आएको हो मलाई टिपाउनु होला । तुरुन्त के गर्ने भन्ने विषयमा प्रक्रियमा जान्छौं । |
| ८. | केशव बस्नेत<br>रामेछाप नपा | ❖ भूकम्प गएको ५ वर्ष भयो । गुनासो दर्ता पनि गरियो । रेक्रोफिटिङ भनिएको छ । रेक्रोफिटिङले के गर्छ चर्केको घरलाई ?<br>❖ रामेछाप नगरपालिकाले नगरबस खरिद गरी संचालन गर्ने कुरा थियो । के भइरहेको छ ? | **दिपेन्द्र पौडेल**<br>प्रमुख प्रशासकीय अधिकृत | ❖ गुनासोपछि केही घरहरु लाभग्राहीको सुचीमा परी पून निर्माणको काम भइरहेको छ । कयौ ढुंगा माटोको घरलाई पनि रेक्रोफिटिङ गर्न भनी नाम आएको छ । ढुंगा माटोको घर रेक्रोफिटिङको लागि उपयुक्त हुँदैन । रेक्रोफिटिङमा परेका घरहरुलाई पनि पूर्ण क्षतिको सूचीमा लैजान सकिन्छ । वडामा यहाँहरुले निवेदन दिनुपर्ने हुन्छ ।<br>❖ रामेछाप नगरपालिकाले नगरबस संचालन गर्ने भनी निर्णय गरेको थियो । तर हाललाई नगरबस खरिद प्रक्रिया स्थगित गरिएको छ । |
| ९. | चुक्त बहादुर मगर<br>रामेछाप नपा | ❖ इन्टरनेटको काम फेसबुक चलाउने मात्र हो । प्रविधिको प्रयोग नगरेर किन अहिले पनि हातले नै लेख्नुपर्ने बाध्यता रहको हो ?<br>❖ कृषि र पशु शाखा तथा त्यसका कर्मचारीहरुलाई नगरपालिकामा किन राख्नु परेको हो ? उहाँहरुलाई वडामा पठाउन मिल्दैन ? | **दिपेन्द्र पौडेल**<br>प्रमुख प्रशासकीय अधिकृत | ❖ काम गर्नुपर्‍यो । फेसबुक चलाएको कुरामा आपत्ति गर्नु हुँदैन । जनशक्ति पर्याप्त भएमा अनलाई प्रविधिबाट नै काम गर्ने प्रयत्न गर्नेछौं ।<br>❖ कृषि र पशु विकास कार्यक्रमको बजेट वडामा मात्र होइन नगरपालिकामा पनि रहेको छ । कार्यक्रम कार्यान्वयनको लागि प्राविधिक जनशक्ति समेत आवश्यक पर्ने भएको हुँदा उहाँहरुलाई वडामा मात्र पठाउन मिल्दैन । प्राविधिक सल्लाहको लागि भने आउनु हुनेछ । |

| | | | | |
|---|---|---|---|---|
| १०. | बलबहादुर श्रेष्ठ<br>रामेछाप नपा | साँघुटारको फोहरमैला व्यवस्थापन कसरी हुन्छ ? | **दिपेन्द्र पौडेल**<br>प्रमुख प्रशासकीय अधिकृत | फोहरमैला ब्यवस्थापनको समस्या साँघुटारको मात्र होइन । यो रामेछाप नगरपालिका भित्रको नै समस्याको रुपमा आएको छ । हामीले नगरभित्रका २ वटा स्थानहरुमा ब्यवस्थित गर्न खोजेका छौं । कार्यपालिकामायस विषयमा छलफल भइरहेको छ । यसको ब्यवस्थापन छिट्टै गर्नुपर्नेछ । |
| ११. | निलकण्ठ ढकाल<br>रामेछाप नपा | चालु आ.व २०७६/०७७ को योजना किताव किन अहिलेसम्म नागरिकहरुको हातमा पर्न सकेन ? | **दिपेन्द्र पौडेल**<br>प्रमुख प्रशासकीय अधिकृत | नगरपालिकाको नगरसभा भएको १०/१५ दिनमा नै बार्षिक योजना किताब सार्वजनिकीकरण गर्नुपर्ने हो । विभिन्न कारणहरुले गर्दा ढिला भएको छ । भर्खरै मात्र आएको छ । अबदेखि समयमा नै रामेछाप नगरपालिकाका नागरिकहरुले हातमा बार्षिक योजना किताव पाउनुहुनेछ । |
| १२. | सुन्दर घिमिरे<br>रामेछाप नपा | ❖ नगरपालिकाका कर्मचारीहरुको काम गर्ने (कार्यालय) समय कति हो ? कार्यालय समयमा किन कर्मचारी भेटिँदैन ?<br>❖ सार्वजनिक सुनुवाईको बजेट कति हो ? नगरपालिकाका कतिजना कर्मचारीहरुले आजको सार्वजनिक सुनुवाईमा आउँदा कति भत्ता खानुहुन्छ ? | **दिपेन्द्र पौडेल**<br>प्रमुख प्रशासकीय अधिकृत | ❖ नगरपालिकामा सेवा गर्छु भनेर आएका कर्मचारीहरुले २४ सै घण्टा सेवा गर्नुपर्ने हुन्छ । तर समयको हिसावले सरकारले १०-५ लाई कार्यालय समय तोकेको छ । उक्त समयमा कर्मचारी कार्यालयमा आएर काम गर्नुपर्ने हुन्छ । प्राविधिक कर्मचारीहरु फिल्डमा जानुपर्दा कर्मचारी नभेटिने समस्या आएको होला । सकेसम्म नियमितता बनाइनेछ । कर्मचारीको कारण कुनै काममा समस्या आएमा मलाई सिधै भन्नुहोला म आवश्यक कारबाही गर्नेछु ।<br>❖ सार्वजनिक सुनुवाई तेस्रो पक्षबाट संचालन गरिने विधि हो । सार्वजनिक सुनुवाई संचालन, ब्यवस्थापन, प्रचारप्रशार , प्रतिवेदन लगाएतका कार्यको लागि सान नेपाल रामेछापसँग १ लाख रुपैंयामा संझौता भएको छ । |

| | | | | |
|---|---|---|---|---|
| | | | | ❖ आजको सार्वजनिक सुनुवाईमा रामेछाप नगरपालिकाका सबै शाखा प्रमुखहरु आउनु भएको छ । गाडीमा इन्धन हाल्ने र खाना खाने बाहेक उहाँहरुले अन्य कुनै सुविधिका लिनु हुने छैन । |
| १३. | माधव ढकाल<br>रामेछाप नपा | सार्वजनिक सुनुवाईमा यहाँले प्रस्तुतीकरण गर्नुभएको विषय खै ? के नागरिकले यो हेर्न पाउँदैनन् ? | **दिपेन्द्र पौडेल**<br>प्रमुख प्रशासकीय अधिकृत | हाम्रो विचार पुगेन । अवका सार्वजनिक सुनुवाईहरुमा प्रस्तुत गरिएका विषयहरु सबैलाई पढ्न पाउने गरी वितरण गरिनेछ । |
| १४. | लालबहादुर तामाङ<br>रामेछाप नपा | रामेछाप अस्पतालले स्वास्थ्य बीमाको सेवा दिँदैन । नागरिकले ३५०० तिरेर स्वास्थ्य बीमा गरेको के काम भयो र ? | **दिपेन्द्र पौडेल**<br>प्रमुख प्रशासकीय अधिकृत | रामेछाप अस्पताल अहिले प्रदेश अन्तर्गतको कार्यालय भएको छ । के रहेछ बुझ्रेर आवश्यक निर्देशन दिन्छौँ । |
| १५ | बलराम लामा<br>रामेछाप नपा | ❖ सार्वजनिक सुनुवाई संचालनको प्रक्रिया नै गलत भयो । रामेछाप नगरपालिकाका अन्य वडाहरुका बासिन्दाले कसरी प्रश्न गर्ने ?<br>❖ रामेछाप नगरपालिकाको गैर सरकारी संस्था संचालन तथा परिचालन नीति कहिले बन्छ ?<br>❖ नेपाल भ्रमण बर्ष २०२० को तयारी रामेछाप नगरपालिकाले खासै गरेको देखिँदैन । कस्तो तयारी गर्दै हुनुहुन्छ ? | **दिपेन्द्र पौडेल**<br>प्रमुख प्रशासकीय अधिकृत | ❖ हामीले प्रविधिको प्रयोग गर्न सकेनौं । तर रामेछाप नगरपालिकाले फरक फरक स्थानहरुमा सार्वजनिक सुनुवाई संचालन गर्दै आइरहेको छ । आगामि दिनहरुबाट रेडियोहरुबाट प्रत्यक्ष प्रशारण गर्ने प्रयास गर्नेछौँ ।<br>❖ रामेछाप नगरपालिकाबाट गैर सरकारी संस्था परिचालन तथा व्यवस्थापन नीति बनाई स्वीकृती भइसकेको छ ।<br>❖ नेपाल सरकारले पनि सन् २०२० लाई नेपाल भ्रमण बर्ष मनाउने भनी प्राथमितामा राखेको छ । नेपाल भ्रमण वर्ष २०२० लाई रामेछाप नगरपालिकामा प्रभावकारी बनाई पर्यटन धेरै भित्र्याउन कार्यदल नै गठन गरी संभाव्यताको पहिचान र व्यवस्थापनको कार्य भइ रहेको छ । |

| | | | | |
|---|---|---|---|---|
| १६. | लालबहादुर तामाङ<br>रामेछाप नपा | माहुरी पालनको लागि कृषिको १० लाख र कृषकबाट २ लाख गरी १२ लाखमा कार्यक्रम संचालन गर्नु भएको थियो । अहिले कति घार माहुरी रहेका छन् ? | **नीरबहादुर श्रेष्ठ**<br>वडा अध्यक्ष-२ | आ.व २०७५/०७६ को लक्षित वर्ग तथा कृषिको १० लाख बजेट थियो । अगुवा कृषकहरु छनौट गरी घारगोला दिइएको थियो । अहिले पनि ५७ घारगोला माहुरीहरु छन् । १५० पुर्‍याउन लक्ष्य रहेको छ । उक्त कार्यको लागि ६ लाख ५० हजार जति मात्र खर्च भएको छ । |
| १७. | यूवराज सुवेदी<br>रामेछाप नपा | ❖ देउराली-साँघुटार सडकमा उपभोक्ता समिति बनाउँदा किन देउरालीको मानिस मात्र राखियो ?<br>❖ देउराली-गोठगाउँ सडक पोहोर नै बनिसकेको छ । किन यस वर्षपनि उक्त सडकको लाा बजेट बिनियोजन गरियो ? | **नीरबहादुर श्रेष्ठ**<br>वडा अध्यक्ष-२ | ❖ ४३ लाखको योजना थियो । हतारमा काम गर्नुपर्दा विभिन्न समस्याहरु आएका हुन् । देउराली-साँघुटार सडकको बजेट भएपनि देउरालीको भूगोलमा धेरै काम गर्नुपर्ने थियो । ३ दिनमा नै उपभोक्ता समिति निर्माण गरी कार्य गरिएको थियो । काम बाँकि नै छ । साँघुटारसँग पनि आवश्यक समन्वयमा कार्य गरिनेछ ।<br>❖ सडकमा जग्गा विवाद लगाएतका समस्याका कारण त्यसो हुन गएको हो । ३० लाख बजेट थियो । चट्टानका कारण भनिएजति काम गर्न सकिएन । काम बाँकि नै भएकाले यस बर्ष पनि बजेट विनियोजन भएको हो । |
| १८. | यूवराज सुवेदी<br>रामेछाप नपा | साँघुटारको वडा भवन किन बन्न सकेन ? वडामा कार्यक्रम संचालनको लागि यो आ.व मा कति बजेट रहेको छ ? | **भूपालराज श्रेष्ठ**<br>वडा अध्यक्ष-३ | वडा भवन बनाउने स्थान टुङ्गो नलागेको कारण समस्या भएको हो । अहिले पनि कहाँ बनाउने भन्ने विवाद कायम नै छ । वडाको यो आर्थिक वर्षको बार्षिक कार्यक्रम वडा कार्यालयको भित्तामा पनि टाँस गरिएको छ । हेर्न सक्नु हुनेछ । ६५ लाख विभिन्न शीर्षकको लागि विनियोजन गरिएको छ । |
| १९. | लालबहादुर तामाङ<br>रामेछाप नपा | बोकाको लाीग हरेक वर्ष ५ लाख छुट्टिन्छ । ३ वर्ष भयो, कस्तो छ अहिलेको उपलब्धि ? उपयुक्त बोइल जातको बाखा बाँड्न मिल्छ | **धनबहादुर खड्का**<br>वडा अध्यक्ष-६ | विकासको कुरा निरन्तरता दिनुपर्दछ । बाखालाई एउटै बोका धेरै बर्ष लगाउँदा उन्नत प्रजातिको आउँदैन । हालसम्म १७ वटा बोका बाँडिएको छ । ८० देखि ११५ |

| | | | | |
|---|---|---|---|---|
| | | कि मिल्दैन ? | | किलोसम्म भएका छन् । सल्लाह गरौं । बाख्रा र बोकाको मूल्य उही पर्छ । प्रगती राम्रो भएको हुँदा बाहिरबाट पनि मानिसहरु हेर्न आउन थालेका छन् । |
| नोट : **वडा नं १,४,५, ७, ८ र ९ का वडा अध्यक्षहरुलाई सार्वजनिक सुनुवाईको क्रममा कुनै प्रश्नहरु आएका थिएनन् ।** | | | | |

## ८. सार्वजनिक प्रतिवद्धता कार्यान्वयनको अवस्था

स्थानीय निकाय सार्वजनिक सुनुवाई कार्यविधि-२०६७ ले गरेको ब्यवस्था अनुसार अघिल्लो सार्वजनिक सुनुवाईमा भएका प्रतिबद्धता कार्यान्वयनको अवस्थाको विषयमा सार्वजनिक सुनुवाईमा जानकारी गराउनु पर्ने ब्यवस्था रहेको थियो । यसअघिको सार्बजनिक  सुनुवाईमा कुनै प्रतिवद्धता नभएको हुँदा प्रतिबद्धता कार्यान्वयनको अवस्थाको बारेमा जानकारी गराइएन ।

## ९. सार्वजनिक प्रतिवद्धता

- सार्वजनिक सुनवाईमा कुनै किसिमको प्रतिवद्धता जाहेर भएको थिएन ।

## १०.कार्यक्रमको सवल पक्षहरु

- स्थानीय तहका निर्वाचित प्रतिनिधिहरुको सहभागीतामा संचालन गरिएको ।
- नगरपालिकाको समग्र भौतिक र बित्तीय प्रगती प्रस्तुत गरिएको ।
- सहभागीहरुबाट उठान गरिएका विभिन्न सवालहरु तथा सुझावहरुको जबाफदेहि बक्ताहरुबाट चित्तबुझ्दो जबाफ दिईएको ।
- स्वतन्त्र सहजकर्ताको माध्यमबाट सार्वजनिक सुनुवाई संचालन भएको ।
- जनप्रतिनिधि तथा कर्मचारीहरुसँग सर्वसाधारण नागरिकहरुले हाक्काहाकी प्रश्नोत्तर गरेका ।
- सार्वजनिक सुनुवाईको विषयमा नगरपालिकाले सूचना बनाई बेइबसाइड, फ्लाक्सीट तथा पत्रपत्रिका र अनलाइनबाट प्रचारप्रशार गरिएको ।
- सेवाग्राहीहरुबाट सन्तुष्टी मापन गर्न नगरपालिकामा ५० जनासँग बहिर्गमन अभिमत तथा कार्यक्रम स्थलमा नै ५० जनासँग नागरिक अभिमत संकलन गरिएको ।
- सार्वजनिक सुनुवाईको ५ वटा एफएम् रेडियोबाट सूचना प्रशारण गरिएको ।
- नगरस्तरीय राजनैतिक दल तथा केन्द्र स्तर र जिल्लाका संचार माध्यमका संचारकर्मीहरुको उल्लेख्य उपस्थिति रहेको ।
- नगरपालिकाका सबै शाखा प्रमुखहरुको सहभागीता रहेको ।

## ११. सुधार गर्नुपर्ने पक्षहरु

- नागरिक प्रतिवेदन पत्र समेत संकलन गरी सोको नतिजाका आधारमा सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गरे अझै प्रभावकारिता बढ्ने ।
- वडा वडामा सार्वजनिक सुनुवाई संचालन पश्चात् नगरस्तरमा संचालन गर्दा प्रभावकारी हुने ।
- पर्चा, पम्प्लेट तयार गरी वडा तथा बस्ती स्तरसम्म प्रचार प्रसार गर्न सके अझै प्रभावकारी हुने ।
- हरेक चौमासिकमा संचालन गर्न सके प्रभावकारीता बढ्ने ।

- ❖ नगरपालिकाको फेसबुक पेजबाट लाइभ गर्न सके अझै नागरिकहरु सम्म सूचना पुऱ्याउन सजिलो हुने ।
- ❖ जिल्लाका रेडियोबाट प्रत्यक्ष प्रशारण गरी प्रश्न टिपोट समेत गर्न सके अझै प्रभावकारी हुने ।
- ❖ वडा अध्यक्षहरुलाई अनिवार्य रुपमा सार्वजनिक सुनुवाईमा उपस्थिति गराउने व्यवस्था मिलाउनु पर्ने ।

**१२.समस्याहरु**

- ❖ वर्षाको कारण मंसिर २८ गते स्थगित गरिपछि संचालन गर्नुपर्दा नागरिकहरु जुटाउन समस्या भएको ।
- ❖ कामको सिजन भएको हुँदा समस्या भएको ।
- ❖ नागरिक प्रतिवेदन पत्र संचालन गर्न नसकिएको ।
- ❖ निर्धारित समयमा सार्वजनिक सुनुवाई सुरु तथा अन्त्य गर्न नसकिएको ।
- ❖ २ जना वडा अध्यक्षहरु सार्वजनिक सुनुवाईमा उपस्थिति नरहेको ।
- ❖ भौगोलिक रुपमा विकटता भएको कारण नगरका सबै वडाका मानिसहरु जुटाउन नसकिएको ।

**१३.निष्कर्ष**

रामेछाप नगरपालिका तथा वडा कार्यालयहरुको काम कारबाही, सेवा प्रबाह, योजना एवं कार्यक्रम, बजेट जस्ता सार्वजनिक विषयमा सम्वन्धित सेवा प्रदायक र सेवाग्राही बीच अन्तरक्रिया गराउँदै जनप्रतिनिधिहरु तथा सम्बन्धित कर्मचारीहरुलाई जवाफदेही बनाउने र सेवाग्राहीहरुको गुनासो तथा जिज्ञासाहरुको बारेमा हाक्काहाक्की प्रश्नोत्तर गराउने उद्देश्यले आयोजना गरिएको चालु आ.ब २०७६/०७७ मा प्रवाह भएको सार्वजनिक सेवा एवं बजेट तथा कार्यक्रम कार्यान्वयनको प्रभावकारीता विषयक सार्वजनिक सुनुवाईमा नागरिकहरुको उल्लेख्य सहभागीता रहेको थियो । रामेछाप नगरपालिकाको आयोजना तथा सान नेपाल रामेछापको सहजीकरणमा सम्पन्न सार्वजनिक सुनुवाईमा नागरिकहरुले वडा तथा नगरपालिकाले कृषिमा लगानी गर्नुपर्ने, सडक निर्माण निर्माणमा प्राथमिकता र ध्यान दिनुपर्ने, सार्वजनिक सेवाको गुणस्तर बृद्धि गराउनु पर्ने, नागरिकलाई सूचनाको प्रभावकारी पहुँच दिनुपर्ने, नगरपालिकाका योजनाहरुमा नागरिकहरुको पहुँच बृद्धि गर्नुपर्ने लगाएतका प्रश्न तथा सुझाव दिएका थिए ।

सार्वजनिक सुनुवाइ कार्यक्रममा सहभागी सर्वसाधारणहरुले प्रश्नहरु राखी तत्काल समाधान पाएका थिए । सार्वजनिक सुनुवाईका सहभागीहरुले यस्तो हाकाहाकी प्रश्नउत्तर गर्न पाईने सार्वजनिक सुनुवाइ जस्तो कार्यक्रम संचालन हुँदा उपलब्धिमूलक भएको विचार व्यक्त गरेका थिए । राज्यले लगानी गर्ने तर उपयुक्त प्रतिफल नआइरहेको सन्दर्भमा विकास निर्माणमा समेत अपनत्वको भाव पैदा गर्न सार्वजनिक सुनुवाइले सजिलो बनाउने बताएका थिए । सार्वजनिक सुनुवाईका सेवाग्राहीहरु बहिर्गमन अभिमत तथा नागरिक अभिमत संकलन गरी प्राप्त नतिजा सरोकारवालाहरुलाई जानकारी गराएबाट पनि सार्वजनिक सुनुवाई प्रभावकारीता झन् बढेको देखिन्छ । कार्यविधिले व्यवस्था गरे अनुरुप नरपालिकाले हरेक चौमासिक रुपमा तथा वडावडाले वार्षिक रुपमा सार्वजनिक सुनुवाई गर्न सके विकास निर्माणमा पारदर्शीता र जवाफदेहिता बृद्धि हुने देखिन्छ । यस जवाफदेहि र पारदर्शीताका कार्यक्रममा सबै सरोकारवालाहरुलाई अनिवार्य उपस्थिति गराउनु पर्ने देखिन्छ । सार्वजनिक सुनुवाईलाई नगरको फेसबुक पेज वा रेडियोबाट प्रत्यक्ष प्रशारण गर्ने झनै प्रभावकारीता हुने देखिन्छ ।

**(समाप्त)**

## अनुसुची-१

### तस्वीरमा सार्वजनिक सुनुवाई



सार्वजनिक सुनुवाईमा नगरले गरेका कार्यक्रम जानकारी गराउनु हुँदै प्रमुख प्रशासकीय अधिकृत श्री दिपेन्द्र पौडेल



सार्वजनिक सुनुवाईमा प्रश्न गर्दै एक सहभागी



सार्वजनिक सुनुवाईमा प्रश्न गर्दै सहभागी



सार्वजनिक सुनुवाईमा प्रतिक्रिया राख्न् हुँदै पत्रकार श्री बद्री नयाँघरे




सार्वजनिक सुनुवाईमा उठेका सवालहरुको उत्तर दिनु हुँदै नगरउपप्रमुख श्री सिर्जना खड्का




सार्वजनिक सुनुवाईमा उठेका सवालहरुको उत्तर दिनु हुँदै नगरप्रमुख श्री नरबहादुर थापामगर

**अनुसूची-२**

नागरिकहरुबाट प्राप्त नागरिक अभिमतको नतिजा

**रामेछाप नगरपालिकाबाट भए गरेका कामको बारेमा नागरिकहरुबाट गरिएको नागरिक अभिमत**

***सार्वजनिक सुनुवाईमा उपस्थित ५० जनासेवाग्राहीबाट भराइएको***

**१.तपाई यस नगरपालिका तथा कार्यालयले प्रवाह गर्ने सेवाबाट कत्तिको सन्तुष्ट हुनुहुन्छ ?**

| जवाफ | संख्या |
|---|---|
| क) एकदमै सन्तुष्टि छु | ९ |
| ख) सन्तुष्टि छु | २८ |
| ग) कत्तिपनि सन्तुष्ट छैन | १० |
| घ) थाहा छैन | ३ |

**२.तपाईको क्षेत्रमा निर्माण भएका भैतिक संरचनाहरु (विद्यालय,धारो,कुलो,सडक...) कत्तिको बलियो निर्माण भएका छन् ?**

| जवाफ | संख्या |
|---|---|
| क) अत्यन्तै बलिया निर्माण भएका छन् | 5 |
| ख) ठिकै छन् | 17 |
| ग) बनेको केही समयमा नै भत्कने गरेका छन् | 22 |
| घ) थाहा छैन | 6 |

**३. तपाईलाई सार्वजनिक सेवा, वस्तु तथा निर्णय प्रक्रियामा लक्षित समूदाय (महिला,दलित,बालबालिका, जनजाति,अपाङ्ग .....) को कत्तिको पहुँच पुगेको जस्तो लाग्छ ?**

| जवाफ | संख्या |
|---|---|
| क) अत्यन्तै धेरै पहुँच | ७ |
| ख) ठिकै पहुँच | २७ |
| ग) थाहा नै दिइन्न | १३ |
| घ) थाहा छैन | ३ |

**४.वडा कार्यालयद्धारा योजना छनौट तथा कार्यान्वयन गर्दा कस्तो प्रक्रिया अपनाइन्छ ?**

| जवाफ | संख्या |
|---|---|
| क) सहभागीतामूलक | १४ |
| ख) वडा अध्यक्षको निर्देशनमा | १५ |
| ग) वडा समितिको बैठकबाट | ७ |
| घ) थाहा छैन | १४ |

**५. तपाईलाई वडा कार्यालय, नगरपालिका तथा साझेदार संस्थाहरुबाट दिइने सेवा तथा सुविधाहरुको बारेमा कत्तिको जानकारी छ ?**

| जवाफ | संख्या |
|---|---|
| क) सबै कुराहरुको जानकारी छ | ६ |
| ख) केही मात्र जानकारी छ | २० |
| ग) केही जानकारी नै छैन | १५ |
| घ) थाहा छैन | ९ |

**अनुसुची-३**
**बहिर्गमन अभिमत**
(Exit Poll)
**संक्षिप्त प्रतिवेदन**
रामेछाप नपा
**११ पौष २०७६**

| | | | | | |
|---|---|---|---|---|---|
| **संचालन गरिएको अवधि** | | **देखि** | मंसिर २४ | **सम्म** | मंसिर २८ |
| **जम्मा सेवाग्राही** | ५० जना | **महिला** | १४ जना | **पुरुष** | ३६ जना |

**१) कार्यालयमा देहायका कुन कामको लागि आउनु भएको हो ?**

| **शीर्षक** | **अंक** | **कैफिएत** |
|---|---|---|
| सिफारिस लिन/पुऱ्याउन | १५ | |
| दर्ता/नविकरण | ५ | |
| आर्थिक सहयोग लिन | २ | |
| योजना वा कार्यक्रम माग गर्न | ६ | |
| योजनाको किस्ता लिन | २ | |
| योजनाको मूल्यांकन गराउन | ४ | |
| योजनाको अन्तिम भुक्तानी लिन | ३ | |
| स्थानीय निकायले राखेको सूचना प्राप्त गर्न | २ | |
| सूचनामूलक सामग्री प्राप्त गर्न | ० | |
| अन्य कुनै भए (**राजश्व बुझाउन,प्राविधिक सहायता, नक्सा पास, छलफल** ) | ११ | |
| **जम्मा** | **५०** | |

**२. नागरिकहरुबाट प्राप्त अभिमत**

| **सि.नं.** | **सेवाको नाम** | **मूल्यांकन-उपयुक्त कोष्ठमा रेजा ( ) लगाउने** | | | | | |
|---|---|---|---|---|---|---|---|
| १ | सेवा लिंदा कोसँग सम्पर्क गर्ने भन्नेमा तपाईलाई स्पष्ट जानकारी भयो ? | अति स्पष्ट | | ठीकै | | अस्पष्ट | |
| | | **अंक** | **प्रतिशत** | **अंक** | **प्रतिशत** | **अंक** | **प्रतिशत** |
| | | ८ | १६ | ३३ | ६६ | ९ | १८ |
| २ | सेवा प्रदायक कर्मचारीले तपाईको आवश्यकता र अपेक्षा कति बुझेजस्तो लाग्यो ? | अति धेरै | | ठीकै | | थोरै | |
| | | **अंक** | **प्रतिशत** | **अंक** | **प्रतिशत** | **अंक** | **प्रतिशत** |
| | | ८ | १६ | ३२ | ६४ | १० | २० |
| ३ | तपाईप्रति सेवा प्रदायक कर्मचारीले कस्तो व्यवहार गरे ? | मिलनसार र मैत्रीपूर्ण | | ठीकै | | अभद्र/अमर्यादित | |
| | | **अंक** | **प्रतिशत** | **अंक** | **प्रतिशत** | **अंक** | **प्रतिशत** |
| | | २० | ४० | ३० | ६० | ० | ० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४ | सेवा प्राप्त गर्न आवश्यक सूचनाहरु ( प्रमाण-कागजात र शुल्क-दस्तुर) बारे तपाईलाई सेवाप्रदायक कर्मचारीले स्पष्ट गरे कि ? | अति स्पष्ट गरिदिए | | ठीकै | | अलमल्ल हुने गरी अस्पष्ट सूचना दिए | |
| | | **अंक** | **प्रतिशत** | **अंक** | **प्रतिशत** | **अंक** | **प्रतिशत** |
| | | १० | २० | ३६ | ७२ | ४ | ८ |
| ५ | तपाईले राख्नुभएको समस्यालाई के कस्तो समाधार दिए ? | अति सजिलो तरिबाट समाधान दिए | | ठीकै | | समाधार दिन सकेनन् | |
| | | **अंक** | **प्रतिशत** | **अंक** | **प्रतिशत** | **अंक** | **प्रतिशत** |
| | | ११ | २२ | ३५ | ७० | ४ | ८ |
| ६ | सेवा प्राप्त गर्न अपनाइएको प्रक्रिया के कस्तो लाग्यो ? | अति सजिलो | | ठीकै | | लामो र झन्झटिलो | |
| | | **अंक** | **प्रतिशत** | **अंक** | **प्रतिशत** | **अंक** | **प्रतिशत** |
| | | ८ | १६ | ४० | ८० | २ | ४ |

### ३. नागरिकहरुबाट प्राप्त सकरात्मक पक्षहरु

- नागरिक बडापत्र राखिएको ।
- नगरपालिकाको भवन राम्रो रहेको ।
- कर्मचारीको व्यवहार राम्रो रहेको ।
- टोलटोलमा गएर कर्मचारीले सेवा दिने गरेको ।
- स्वास्थ्य सम्बन्धि शिविरहरु गाउँगाउँमा भएको ।

### ४. नागरिकहरुबाट प्राप्त सुधार गर्नुपर्ने पक्षहरु

- कार्यालयमा कर्मचारीहरु संधै हुनुपर्ने ।
- सबै स्वास्थ्य संस्थाहरुमा औषधिको पर्याप्त व्यवस्थापन गर्नुपर्ने ।
- नागरिकहरुलाई पर्याप्त सूचना दिनुपर्ने ।
- योजना संझौता प्रक्रियालाई सजिलो बनाउनु पर्ने ।
- नगरपालिकाले स्वास्थ्य, शिक्षा सम्बन्धि सेचतनामूलक कार्यक्रमहरु पर्याप्त संचालन गर्नुपर्ने ।
- प्राविधिक कर्मचारीहरु फिल्ड गएको बेला कार्यालयमा पुग्ने नागरिकले दु : ख पाउने गरेको हुँदा उचित व्यवस्थापन गर्नुपर्ने ।

**समाप्त**

**अनुसुची-४**

**सार्वजनिक सुनुवाइ कार्यक्रम संचालन तालिका**

रामेछाप नगरपालिकाद्धारा चालु आ.व २०७६/०७७ को पहिलो चौमासिक अवधिसम्म प्रवाह भएको
सार्वजनिक सेवा तथा विकास निर्माणको प्रभावकारीता
सार्वजनिक सुनुवाइ
११ पौष २०७६ साँघुटार

- ❖ रामेछाप नगरपालिका तथा वडा कार्यालयहरुको काम कारबाही,सेवा प्रबाह,योजना एवं कार्यक्रम, बजेट जस्ता सार्वजनिक विषयमा सम्वन्धित सेवा प्रदायक र सेवाग्राही बीच अन्तरक्रिया गराउने ।
- ❖ सेवाग्राही प्रति सेवाप्रदायक तथा नर्वाचित जनप्रतिनिधिहरुलाई जवाफदेही बनाउने
- ❖ सेवाग्राहीहरुको गुनासो वा जिज्ञासाहरुको बारेमा हाकाहाकी प्रश्नोत्तर गराउने ।
- ❖ आगामि दिनहरुमा सेवा सुधारको लागि मार्ग निर्देशन गर्ने ।
- ❖ नागरिकलाई सुचनाको हकको प्रत्याभूति दिलाउने ।

आयोजक :**रामेछाप नगरपालिकाको कार्यालय रामेछाप**
सहजीकरण : **सान नेपाल रामेछाप**

कार्यक्रम विवरण

- ❖ मिति :२०७६ पौष ११ गते (शुक्रवार)
- ❖ स्थान : रामेछाप नगरपालिका वडा नं ३, साँघुटार, वडा कार्यालय परिसर
- ❖ समय : दिनको ११ बजेबाट

***(पहिलो सत्र-परिचय खण्ड)***

१. सहजीकरण :- **श्री उमङ्ग मैनाली**, अध्यक्ष सान नेपाल
२.जवाफदेही वक्ताहरु

- ❖ रामेछाप नगरपालिकाका प्रमुख **श्री नरबहादुर थापामगर**
- ❖ रामेछाप नगरपालिकाका उपप्रमुख **श्री सिर्जना खड्का**
- ❖ रामेछाप नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत **श्री दिपेन्द्र पौडेल**
- ❖ रामेछाप नगरपालिकाका वडा नं १ का अध्यक्ष **श्री नरबहादुर थापा**
- ❖ रामेछाप नगरपालिकाका वडा नं २ का अध्यक्ष **श्री नीरबहादुर श्रेष्ठ**
- ❖ रामेछाप नगरपालिकाका वडा नं ३ का अध्यक्ष **श्री भूपालराज श्रेष्ठ**
- ❖ रामेछाप नगरपालिकाका वडा नं ४ का अध्यक्ष **श्री टुपेन्द्र तामाङ**
- ❖ रामेछाप नगरपालिकाका वडा नं ५ का अध्यक्ष **श्री भीमबहादुर तामाङ**
- ❖ रामेछाप नगरपालिकाका वडा नं ६ का अध्यक्ष **श्री धनबहादुर खड्का**
- ❖ रामेछाप नगरपालिकाका वडा नं ७ का अध्यक्ष **श्री समिर कार्की**
- ❖ रामेछाप नगरपालिकाका वडा नं ८ का अध्यक्ष **श्री केदार कार्की**
- ❖ रामेछाप नगरपालिकाका वडा नं ९ का अध्यक्ष **श्री चन्द्रबहादुर श्रेष्ठ**

**नगर स्तरीय राजनैतिक दल**

- ❖ नेकपा नगर कमिटी अध्यक्ष **श्री मोतीलाल तामाङ**
- ❖ नेपाली काँग्रेस नगर सभापति **श्री कमलबिक्रम कार्की**

**संचारकर्मीहरु**

- ❖ नेपाल पत्रकार महासंघ रामेछापका अध्यक्ष **श्री रमेश ढुंगेल**
- ❖ नेपाल पत्रकार महासंघ ३ नं प्रदेश सदस्य **श्री बद्री नयाँघरे**
- ❖ जनता टेलिभिजन तथा रेडियो तीफदीका निर्देशक **श्री सुमित श्रेष्ठ**
- ❖ कान्तिपुर टेलिभिजन तथा स्मारिका साप्ताहिकका प्रधान सम्पादक **श्री दीपक भट्ट**
- ❖ हजुरको रेडियो १०२.१ मेगाहर्जका **श्री निरु थापा/राजन महतारा**
- ❖ रेडियो रामेछापका **श्री दीपक तामाङ**
- ❖ न्यूज २४ तथा रेडियो तामाकोसीका स्टेशन म्यानेजर **श्री यूवराज श्रेष्ठ**
- ❖ प्राइम टेलिभिजन तथा नेपाल समाचारपत्रका जिल्ला समाचारदाता **श्री रामचन्द्र वि.क**
- ❖ नेपाल प्रेस यूनियनका अध्यक्ष **श्री अप्रिल अधिकारी**
- ❖ निमन्त्रणा स्वीकार गरेर उपस्थित कार्यपालिका सदस्यहरु, वडा समितिका सदस्यहरु, विषयगत शाखाका प्रमुखहरु, वडा सचिवहरु, विकास साझेदार संस्थाका प्रमुख/प्रतिनिधिहरु, पत्रकार लगाएत संचार संस्थाका प्रतिनिधिहरु, बुद्धिजिवी, समाजसेवी, राजनैतिक दलका प्रतिनिधिहरु लगाएत कार्यक्रममा उपस्थित सबैलाई यथास्थानमा तालीको आसन ग्रहणको लागि अनुरोध ।

३.कार्यक्रममा स्वागत सहित कार्यक्रमको उद्देश्य :- रामेछाप पालिकाका सूचना अधिकृत/उप सचिव **श्री सुकदेव नेपाल**

४.आचार संहिता प्रस्तुत (कार्यक्रमभर लागू हुने गरी) :**-संचालक**

**नागरिक अभिमत संकलन**

५.जवाफदेही वक्ताहरुलाई *(५ मिनेटको  समयमा बुदाँगत रुपमा प्रस्तुती)*

क) वडाअध्यक्षहरुलाई

- ❖ वडामा भएका उल्लेखनीय ३ वटा कामहरु ।
- ❖ चाहँदा चाहँदै हुन नसकेको ३ वटा कामहरु ।

ख) प्रमुख प्रशासकीय अधिकृत **श्री दिपेन्द्र पौडेल**

- ❖ चालु आ.व २०७६/०७७ को पहिलो चौमासिक अवधिसम्म नगरपालिकामा भएको आय, ब्यय तथा समग्र प्रगतीको अवस्थाको जानकारी ?

ग) रामेछाप नगरपालिकाका उपप्रमुख **श्री सिर्जना खड्का**

- ❖ नगरपालिकामा यहाँले पहल गर्नुभएका मुख्य ३ वटा कामहरु ।
- ❖ चाहँदा चाहँदै हुन नसकेको ३ वटा कामहरु ।

घ) रामेछाप नगरपालिकाका प्रमुख **श्री नरबहादुर थापामगर**

- ❖ रामेछाप नगरपालिकामा यहाँको प्रत्यक्ष पहलमा गौरव गर्न लाएक भएका मुख्य ३ वटा कामहरु ।
- ❖ चाहँदा चाहँदै हुन नसकेको ३ वटा कामहरु ।

**नागरिक अभिमतको नतिजा प्रस्तुती**

७. कार्यक्रमप्रति प्रतिक्रिया

- ❖ नेपाल पत्रकार महासंघ रामेछापका अध्यक्ष **श्री रमेश ढुंगेल**
- ❖ नेपाली काँग्रेस नगर सभापति **श्री कमलबिक्रम कार्की**
- ❖ नेकपा नगर कमिटी अध्यक्ष **श्री मोतीलाल तामाङ**

८. धन्यवाद ज्ञापन तथा समापन : रामेछाप नगरपालिकाका प्रमुख **श्री नरबहादुर थापामगर**

९. प्रतिबद्धता तयारी तथा हस्ताक्षर र समापन (चिया,खाजा)

**अनुसुची-५**
**छापामा सार्वजनिक सुनुवाइ**

hajurkoradio.org.np
without fear or favour

## रामेछाप नगरपालिकाको सार्वजनिक सुनुवाई कार्यक्रममा के भयो त ?



रामेछाप जिल्लाको रामेछाप नगरपालिकाले चालु आर्थिक वर्ष २०७६,७७ को पहिलो चौमासिक अवधिमा प्रवाह भएको सार्वजनिक सेवा तथा विकास निर्माणको प्रभावकारीता विषयक सार्वजनिक सुनुवाई कार्यक्रम गत शुक्रबार सम्पन्न भएको छ । रामेछाप नगरपालिकाले चालु आर्थिक वर्ष २०७६,७७ को पहिलो चौमासिक सम्म विकास बजेटको जम्मा २० प्रतिशत रकम खर्च भएको जनाएको छ । नगरपालिकाले सन्चालन गरेको ६ सय वटा योजनाहरुमा ४ सय वटा योजनाहरु सम्झौता गरि सकिएको प्रमुख प्रशासकिय अधिकृत दिपेन्द्र पौडेलले बताउनुभयो ।

**नगरको विकास द्रुरत गतिमा अघि बढिरहेका छ नगर प्रमुख मगर**

रामेछाप नगरपालिकाका नगर प्रमुख नर बहादुर थापामगर नगरको विकास रणनीतिक योजना अनुसार अगाडी बढेको बताउनुभएको छ । चालु आर्थिक वर्षको पहिलो चौमासिकमा नगर विकासको लागि प्रवाह भएका विकास निर्माणका योजना लगायतका विषयमा गरिएको सार्वजनिक सुनुवाईमा बोल्दै नगर प्रमुख थापामगरले नगरका ९ ओटै वडाको आवश्यकताको आधारमा रणनीतिक योजना तयार भएको र त्यही रणनीतिक योजनामा रहेर काम गरीरहेको बताउनुभएको हो ।



त्यस्तै नगर प्रमुख थापामगरले ९ ओटै वडालाई अघिल्लो आर्थिक वर्ष देखि नै वडाको विषेशताको आधरमा पकेट क्षेत्र घोषणा गरेर काम भइरहेको समेत बताउनुभयो । त्यसैगरी सडक सञ्जाल नजोडिएका गाउँ–गाउँमा सडक पुर्याउने योजना पनि नगरपालिकाको रहेको उहाँको भनाई रहेको छ । त्यस्तै धेरै समय अघि देखि चर्चामा रहेको साँघुटार–रामेछाप–सेलेघाट सडक कालापत्रेको काम यस वर्ष देखिनै अगाडि बढ्ने तयारीमा रहेको र केही कारणले काम नभए नगरले नै त्यो सडकलाई स्तोउन्नती गर्ने तयारी रहेको समेत नगर प्रमुख थापा मगरको भनाई थियो ।

**असारमा हुने विकासलाई त्याग्नु पर्छ उपप्रमुख खड्का**

रामेछाप नगरपालिकाकी उपप्रमुख सृजना खड्काले असारमा हुने विकासलाई त्याग्न सके मात्र समृद्ध नगर बन्ने दावी गर्नु भएको छ । विगतका वर्षहरुमा असारमा आएर योजना सम्झौता गरी काम गर्दा गुणस्तरिय काम समेत हुन नसकेको भन्दै यस वर्ष देखि सबै वडाले चैत्र भित्र नै योजना सम्झौता गरेर काम गर्नु पर्नेमा जोड दिनुभयो ।



सार्वजनिक सुनुवाई कार्यक्रममा उपस्थित नागरीकहरुले शिक्षा , स्वास्थ्य , खानेपानी , सडक , कृषि लगायतको बारमा प्रश्न राखेका थिए । नगर प्रमुखको अध्यक्षतामा भएको कार्यक्रममा नागरिकले राखेका प्रश्नको जवाफ वडाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, उपप्रमुख र नगर प्रमुखले दिएका थिए । रामेछाप नगरपालिकाको आयोजना तथा सान नेपाल रामेछापको सहजीकरणमा भएको कार्यक्रममा नेकपा रामेछाप नगरपालिकाका नगर अध्यक्ष मोतिलाल तामाङ र नेपाली काग्रेर रामेछाप नगरपालिकाका नगर सभापति कमलविक्रम कार्कीले आ–आफ्नो धारणा राखेका थिए ।

**प्रतिकृया दिनुहोस**